घरपझोङ गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
जोमसोम , मुस्ताङ

गण्डकी प्रदेश, नेपाल
फोन नं.०६९–४४००१६

**_औषधी तथा औषधीजन्य सामान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना_**

प्रथम पटक प्रकाशित मितिः २०७५/११/२७

१. यस कार्यालय अर्न्तगतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा चालु आ.ब.२०७५/७६ मा नेपाल सरकारबाट निःशुल्क वितरण गरिने औषधी तथा सर्जिकल सामानहरु शिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फारम दस्तुर रु.१०००।-(अक्षरुपी एक हजार मात्र)(पछि फिर्ता नहुने) तिरी खरिद गर्न चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यबसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपी संलग्न गरी रु.१०।- को टिकट टाँसी यस कार्यालयमा निवेदन पेश गरी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति वा फर्मको जानकारीको लागी यो दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

२. दरभाउपत्र पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र आफूले खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी यस कार्यालयमा सिलबन्दी साथ दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन् । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४. दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर नेपाल बैक लिमिटेडल,जोमसोम, स्थित घरपझोङ गाउँपालिकाको एकल धरौटी खाता नं. ०६८०३००००००००३०००००५मा जम्मा गरेको सक्कलै भौचर वा 'क' वर्गको बैंकबाट जारी भएको र दरभाउपत्र खुल्ने मिति बाट ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बन्ड) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ ।

५. दरभाउपत्र स्वीकृत हुदा प्याकेजको रुपमा स्वीकृत नगरी आइटम वाईज दर स्वीकृत गर्न सकिने छ । दरभाउपत्रदाताले दरभाउपत्रका आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ । साथै दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

६. दरभाउपत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा नविकरण गरिएको ISO प्रमाण पत्र र औषधी ब्यबस्था बिभागबाट प्राप्त नविकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ ।

७. सुई, धुलो र झोल औषधी बाहेक संर्पूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ ।

८. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।

९. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ । तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

१०. सप्लाई हुने औषधी तथा अन्य सामानको प्रत्येक Strips/lebeling र प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर, उत्पादक कम्पनी र **नेपाल सरकार द्वारा निःशुल्क बितरणको लागि** भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्नेछ ।

११. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय संबन्धी कसुरमा सजाय नपाएको भनी लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१२. विदेशी औषधीको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

१३. दरभाउपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरेको सक्कल आधिकारिक पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र पेश गर्नु पर्नेछ।

१४. एक आपसमा मिलेमतो गरी दरभाउपत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्वीकृत गरिने छैन ।

१५. दरभाउपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ । केरमेट भएको खण्डमा त्यस्तो ठाउँमा आधिकारीक दस्तखत गरेको हुनुपर्नेछ ।

१६. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ ।

१७. एक विक्रेताको नाममा विक्रि भएको दरभाउपत्र अर्को विक्रेताको नाममा दाखिला(दर्ता) गर्न पाईने छैन ।

१८. दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट पेश गर्नुपर्नेछ ।

१९. आ.व.०७५।०७६ का लागी औषधी खरिदमा थप रकम व्यवस्था भई आएमा यसै दररेट अनुसार खरिद हुनेछ । दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.का लागी भएकोले आ.व.०७५।०७६ आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्यवृद्धिलाई स्वीकार गरिने छैन ।

२०. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

२१. दरभाउपत्र फारम खरिद गर्न स्वयं दरभाउपत्रदाता उपस्थित हुन नसकेमा मञ्जुरीनामाबाट पनि गर्न सकिने छ तर त्यस्तो मञ्जुरीनामा एक फर्मको लागी एक व्यक्तिलाई मात्र हुनेछ ।

२२. दरभाउपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बुझ्नुपरेमा कार्यालय समय भित्र कार्यालयको लेखा वा प्रशासन शाखामा सम्पर्क राखी बुझ्न सकिने छ । कार्यालयको सम्पर्क टेलिफोन नं. ०६९-४४००१६ ।

## तपसिल

| सि.नं | दरभाउपत्र नं | बिबरण | ईस्टिमेट अंक रु. (भ्याट बाहेक) | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | GRMJ/G/02/075/076 | औषधी तथा औषधीजन्य सामानहरु खरिद | रु १२,७१,५९३।२५ | रु ३३,०००।०० | |